# जिज्ञासा/सुझाव

सम्पादक ज्यू,

सर्वप्रथम म "हाम्रो वन सम्पदा" पत्रिकाको लागि धन्यवाद र यसको निरन्तरताको शुभकामना दिन चाहन्छु । यसमा समेटिएका सम्पूर्ण विषयवस्तु वनसँग सम्बन्धित कामगर्ने कर्मचारीहरुलाई पनि अति उपयोगी देखिन्छ । यस पत्रिकामा विमला राईद्धारा लेखिएको "सामुदायिक वनमा लैङ्गिक समानताको सवाल" भन्ने लेख निकै नै मन पर्‍यो । यसमा विमला राई ज्यूले सामुदायिक वनमा महिलाको स्थिति कस्तो छ सो बारेमा यथार्थ वर्णन गर्न सफल हुनु भएको छ । त्यसको लागि उहाँलाई धेरै-धेरै धन्यवाद र भविष्यमा पनि यस्ता लेखहरु छापिने छन् भन्ने आशा राख्दछु ।

**केही सुझावहरु**

- यो पत्रिका जि.व.का. लागि एक प्रति मात्र पठाइन्छ जसले गर्दा रे.पो. ⁄ इ.व.का. का साथीहरुले पढ्न पाउँदैनन् । त्यसर्थ सबैले यो पत्रिकाबाट उत्तिकै फाइदा लिन पाउन् त्यसको लागि कुनै विशेष कदम चाल्नु पर्ने ।
- मैले आफ्नो अध्ययनमा पहाडभन्दा तराईको वनमा महिला सहभागिता कम भएको देखेको छु त्यसर्थ तराईको महिलासँग सम्बन्धी लेखहरु आउनु पर्ने ।
- वन सम्पदालाई मात्र नभई अन्य प्राकृतिक स्रोतसँग सम्बन्धित कुराहरु समेत समावेश गर्नु पर्ने ।
- ठूला ठूला व्यक्तिहरुको लेख मात्र नछापेर जिल्ला जिल्लाबाट गएको लेखहरुलाई पनि स्थान दिनु पर्ने ।
- यो पत्रिकाको मूल्य रु २५ बाट रु १५ मा ल्याउनु अति उपयुक्त ।

तपाईहरुको प्रिय पाठक
राज कु. ठाकुर (रेन्जर)
जिल्ला वन कार्यालय, म्याग्दी

राजकुमार जी,

हामीलाई तपाईका अमूल्य सुझावहरु र शुभकामनाले निकै हौसला दिएको छ । आगामी दिनहरुमा पनि यहाँ र यहाँ जस्तै अन्य पाठकहरुका सुझावहरुले हामीलाई पथप्रदर्शकको काम गर्ने छन् भन्ने हामीलाई लागेको छ । आगामी दिनहरुमा यो पत्रिकालाई रे.पो., इलाका र सबै उपभोक्ता समूहसम्म पुर्‍याउन हामी प्रयासरत छौं र कसरी यो पत्रिका प्रभावकारी ढंगले सबै ठाउँमा पुर्‍याउन सकिन्छ भन्ने उपाय खोजिरहेका छौं । यहाँको सुझाव अनुसार भविष्यमा तराईको वन व्यवस्थापनमा महिला सहभागिता सम्बन्धी लेखहरु पनि समावेश गर्ने छौं । जिल्ला-जिल्लावाट प्राप्त हुने लेख रचनालाई प्राथमिकताकासाथ प्रकाशित गर्ने हाम्रो नीति रहिआएको छ । उपयुक्त खालका लेखहरु प्राप्त हुन नसक्दा समावेश गर्न सकिरहेका छैनौं । आगामी दिनहरुमा गाउँ-गाउँका सामुदायिक वन र उपभोक्ताको जीविकाको सवालमा लेख रचनाहरु उपलब्ध हुने आशा राखेका छौं । जहाँसम्म पत्रिकाको मूल्य घटाउने कुरा छ विद्यमान मूल्य पूरा मूल्य नभई आंशिक भएकोले सो भन्दा पनि घटी गर्न असमर्थ छौं ।

**यसका साथै** यो पत्रिकाको पहिलो अङ्क अद्योपान्त अध्ययन गरी यसका विषयवस्तु, शुद्धाशुद्धि र प्रस्तुतिकरण सम्बन्धी विषयमा महत्वपूर्ण सुझाव दिनुहुने मित्रलाल 'बालक' अधिकारी, विर्ख क्षेत्री, जयपूर्ण भूजेल र सोमत घिमिरेलाई धेरै धरै धन्यवाद दिन चाहन्छौं - **सम्पादक**